# माडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

फोन : ०५६-५०१०२१


प.सं.०८२/०८३
च.नं. ६५९

मिति ........२०८२/०७/१४

सूचना प्रकाशन तथा प्रसारणका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

यस माडी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बाँकी अवधिभर नगरपालिकाका सूचना, जनचेतनामूलक सन्देश, विज्ञापन, कार्यक्रम लगायतका गतिविधिहरू माडी भित्रबाट सञ्चालनमा रहेका स्थानीय एफ.एम. रेडियो, अनलाइन न्युज पोर्टल तथा छापा पत्रिकाहरु मार्फत् प्रकाशन तथा प्रसारण गर्नका लागि इच्छुक संस्थाहरूबाट प्रस्ताव आव्हानका लागि यो सूचना प्रकाशन गरिएको छ। इच्छुक सञ्चार माध्यमहरूले तपसिल बमोजिमका कागजातहरु संलग्न गरी यसै सूचनाका साथमा संलग्न प्रस्तावमा समावेश गर्नुपर्ने मुख्य बुँदाहरू समावेश गरी मिति २०८२ कार्तिक २१ गते कार्यालय समय भित्र माडी नगरपालिकामा दर्ता गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ।

तपसिल

- माडी नगरपालिकाको सूचिकृत प्रमाणपत्र
- नेपाल सरकार विज्ञापन बोर्डमा सूचिकृत प्रमाणपत्र
- संस्थाको प्यान/भ्याट दर्ता
- कर चुक्ता प्रमाणपत्र (२०८१/०८२)
- दर्ता प्रमाणपत्र र नवीकरण
- साप्ताहिक प्रसारण / प्रकाशन तालिका
- प्रमुख जिम्मेवार व्यक्तिको नागरिकता प्रतिलिपि
- अन्य सम्वन्धित कानुन बमोजिमका आवश्यक कागजातहरू

०८२/०७/१४

(प्रवीण भण्डारी)
सूचना प्रविधि अधिकृत

## प्रस्तावमा समावेश गर्नुपर्ने मुख्य बुँदाहरू

१. माडी नगरपालिकालाई सम्बोधन गरिएको आधिकारिक पत्र

२. संस्थाको विवरण

सञ्चार माध्यमको नाम, प्रसारण भैरहेको फ्रिक्वेन्सी वा अनलाईन वेवपोर्टल, अफिसियल सामाजिक संजाल

कार्यालय ठेगाना, फोन, इमेल, वेबसाइट

दर्ता मिति, दर्ता निकाय, दर्ता नम्बर

सञ्चालक, सम्पादक वा स्टेशन म्यानेजरको नाम

स्थापना वर्ष र सञ्चालन अनुमति प्रमाणपत्रको विवरण

३. कार्य क्षमताको विवरण

नियमित कार्यक्रमहरूको सूची (सप्ताहिक/दैनिक प्रसारण समयसूची)

समाचार, विज्ञापन, जनचेतना कार्यक्रम प्रसारण/प्रकाशन अनुभव

प्रमुख श्रोता/पाठक वर्गको पहुँच क्षेत्र (coverage area)

प्रसारण क्षमता (जस्तैः FM transmitter / दैनिक प्रकाशन /वेबसाइट ट्राफिक)

४. नगरपालिकासँग विगतका समयमा भएका सम्झौता र त्यसको प्रभाव विश्लेषण

विगतका आर्थिक वर्षहरूमा माडी नगरपालिकासँग सूचना प्रकाशन तथा प्रसारण सम्बन्धी सम्झौता

सम्झौता अनुसार सञ्चालन गरिएका मुख्य गतिविधिहरू

प्राप्त उपलब्धिहरू चुनौतीहरू र सुधारका सिफारिसहरू

५. आर्थिक प्रस्ताव

विज्ञापन तथा सूचना प्रसारणको दर (rate card) तथा प्रति सेकेण्ड वा प्रति इन्च दर (एफएमका लागि airtime rate प्रति सेकेण्ड, पत्रिकाका लागि space rate प्रति सिसि र अनलाईन पत्रिकाका लागि डिस्प्ले साईज)

नगरपालिकासँग सम्झौता गर्दा संस्थाबाट दिन सकिने विशेष छुट वा एकमुष्ट प्याकेजको योजना भए उल्लेख गर्ने

६. मानव संसाधन र उपकरण विवरण

सम्पादकीय र प्राविधिक टोलीको छोटो परिचय

स्टुडियो / प्रेस / वेब पोर्टलको प्राविधिक क्षमता

७. घोषणा (Declaration)

प्रस्तुत भएका विवरणहरू सत्य, यथार्थ र अद्यावधिक भएको र झूटो प्रमाणित भए कानूनी रूपमा जिम्मेवार हुने पदाधिकारीको हस्ताक्षर नाम पद तथा सम्पर्क नम्बर ईमेल ठेगाना ।

*पुनश्च: सबै पृष्ठमा अफिसियल छाप र जिम्मेवार पदाधिकारीले हस्ताक्षर गरी प्रमाणित भएको हुनुपर्नेछ ।*

०८२/०२/१४